खीष्टको आज्ञाकारी

पाष्टरीय तालीम पुस्तिका

२२

तालीम र वृद्धि

T&M ®

तपाई र तपाईको मण्डलीले उहाँको पुत्र येशू ख्रीष्टका आज्ञाहरु पालन गर्न यो अध्ययनले सहायता गरुन् भनी पर मेश्वरसंग प्रार्थना गर्नोस् ।

मत्ती २८:१८-२० मा येशूले हामीलाई आज्ञा गर्नुभयो :

"स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ । यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, र पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्तसम्म सधैं तिमीहरुको साथमा छु ।"

नयाँ विश्वासीहरुलाई उहाँको आज्ञाहरु पालन गर्न सिकाउनू भनी ख्रीष्टले हामीलाई आदेश दिनुभएको छ । उदाहरणको लागि: एक आइतबार अपरान्हमा एक पाष्टरले नयाँ विश्वासीहरु रोबर्ट र मेरीलाई भेटछन्...

तपाईहरुले विश्वास गर्नुभयो अनि बप्तिस्मा लिनुभयो । अब म तपाईहरुलाई मण्डलीका सदस्यहरुको हैसियतमा पालन गर्नुपर्ने जिम्मेवारीहरु सिकाउँछु । येशू ख्रीष्टले आज्ञा गर्नुभएको सबै कुराहरु तपाईहरुले मान्नै पर्छ ।

तर पाष्टर, तपाईले भन्नुभएको थियो कि हामीहरु ता कर्मले होइन तर विश्वासले बचाइएका हौं । अब यी अरु कुराहरु किन चाहियो र ?

तपाई विश्वासद्वारा परमेश्वरको महान प्रेमको कारण बचाइनु भयो । यो निश्चय पनि अनुग्रहद्वारा हो, किनकि हामी आफै ता बचाइने योग्यका थिएनौं । तर तपाईको मुक्तिले फल फलाउनै पर्छ । यूहन्ना १४:१५ मा येशूले भन्नुभयो, "तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्नेछौ ।" यसरी तपाईहरु ख्रीष्टका आज्ञाकारी चेलाहरु बन्नुहुनेछ, अनि सुन्ने मात्र, तर परमेश्वर को इच्छाअनुसार नगर्ने विश्वासीहरु बन्नुहुने छैन । कामविनाको विश्वास मरेतुल्य हुन्छ । (याकूब २:२६)

किन इसाईहरुले असल कामहरु गर्नु परेको ?

- ☐ बचाइनको लागि ।
- ☐ प्रेममा खीष्टको आज्ञा पालन गर्नको लागि ।
- ☐ प्रायश्चितको लागि ।

खीष्टको आज्ञाकारी चेलाहरु हुनको लागि हामीले असल कार्यहरु गर्नैपर्छ । उहाँका सेवकहरुले उहाँको आज्ञाहरु प्रेमपूर्वक पूरा गर्दछन् ।

१. पश्चाताप र विश्वास गर्नोस् अनि पवित्र आत्मा ग्रहण गर्नोस् (मुक्ति) ।
२. बप्तिस्मा लिनोस् (अनि यसद्वारा प्रारम्भ हुने नयाँ जीवन जिउनोस्)।
३. परमेश्वर र तपाईको छिमेकीलाई प्रेम गर्नोस् ।
४. प्रार्थना गर्नोस् ।
५. प्रभुभोजमा सामेल हुनुहोस् ।
६. दिनुहोस् ।
७. चेलाहरु बनाउनोस्, परमेश्वरको वचन सिक्नोस् अनि सिकाउनोस् ।

मण्डलीको हरेक सदस्यका जिम्मेवारीहरु यिनै हुन् ।
के हामीले खीष्टलाई घरमै रहेर पछ्याइरहन सक्तैनौ र ? के हामी मण्डलीमा जानै पर्छ ? यो ता अति टाढोमा छ ।

मेरी, जब तिमी बचाइयौ, तिमी खीष्टको देहका अङ्गहरुमध्ये एक भयौ । तिमी यही देह, अर्थात मण्डलीका अरु सदस्यहरुसंग संगति गरेर रहनै पर्छ ।

परमेश्वरको सेवा गर्ने सर्वोत्तम उपाय के हो ?

- ☐ व्यक्तिगत रुपमा, एकलै ।
- ☐ देहको रुपमा, मिलेर ।
- ☐ पाष्टरको निम्ति बाध्य भएर ।

एउटै देहको रुपमा एक भएर हामी परमेश्वरको सेवा गर्दछौं । परमेश्वरले विश्वासीहरुलाई प्रेमिलो बनेर आर ाधनाको निम्ति भेला हुनलाई आज्ञा गर्नुभएको छ (हिब्रू १०:२४-२५)।



यी खेलाडीहरुमध्ये कुन चाहिँ अनुशासित छन् ?
म बुझ्छु ।
अनि खीष्टको देहभित्र यी विश्वासीहरुमध्ये कुन चाहिँ अनुशासनहीन छन् ?
दाहिने पट्टिको विश्वासी ।

किन खीष्टले उहाँको मण्डलीलाई देहको रुपमा बनाउनुभयो ?
संसारमा खीष्टको साक्षी हुन (प्रेरित १:८), अनि सारा मानिसहरुको निम्ति ज्योति बन्नको निम्ति (मत्ती ५:१४)। हामी एकलैले केही पनि गर्नसक्तैनौं । हामीले यी सब खीष्टमा एक भएर अनि अति-अनुशासित भएर मात्र गर्नसक्छौं ।
हेर्नोस्, पाष्टर । पीटर र जोहन उता गइरहेका छन् । आज आइतबार हो, तर तिनीहरु माछा मारेर फर्किरहेका छन् । तिनीहरु मण्डलीमा आएनन् । के तिनीहरु बचाइएका छन् ?
ज्यू, तिनीहरु बचाइएका छन् । तिनीहरु विश्वासीहरु हुन् । तर तिनीहरुले पाएका सारा जिम्मेवार ीहरु पूरा गर्दैनन् ।
के परमेश्वरले तिनीहरुको पापलाई देख्नु भएको छैन ? के उहाँले तिनीहरुलाई सजाय दिनुहुन्न ?

उहाँले हामीले देख्नुभयो । अब शायद म मण्डलीमा जान्छु होला !
हेर, जोहन । पाष्टर त्यहीँ हुनुहुन्छ ! चाँडो गरी लुकिहाल !


तिनीहरु बचाइएका छन्, तर खीष्टले तिनीहरुको कामकुराहरुको न्याय गर्नुहुनेछ । उनीहरुमा येशू खीष्टप्रति प्रेमको कमी देखिन्छ ।
यूहन्ना १५:१४ मा उहाँले भन्नुभयो, “म तिमीहरुलाई जे आज्ञा गर्दछु, ती तिमीहरुले गऱ्यौ भने, तिमीहरु मेरा मित्र हौ ।” व्यवस्थाद्वारा हामीले सजाय पाउनेछौं भन्ने डर राखेर होइन, तर कृतज्ञ बनेर, अनि हामीले उहाँलाई प्रेम गरेको कारण हामीले उहाँको आज्ञा पालन गर्दछौं ।



जब साँचो विश्वासीहरुले परमेश्वरलाई खुशी नपार्ने शरीरका कामहरु गर्दछन्, तब हामीले के गुमाउनेछौं ?

- ☐ स्वर्गमा हामीले पाउने केही इनामहरु ।
- ☐ अनन्त जीवन ।
- ☐ केही पनि होइन ।

हरेक असल कामको निम्ति इनाम राखिएको छ, तर जब हामीले यी असल कामहरु गर्दैनौं, खीष्टले हामीलाई यी इनामहरु दिनुहुने छैन ।

अहो, त्यसो भए म मेरो इनाम गुमाउन चाहदिनँ । कसरी हामीले हाम्रा जिम्मेवारीहरु पूरा गर्नसक्छौं ?

खीष्टले हामीलाई आज्ञा गर्नुभएका कुराहरुप्रति हामी फेरि विचार गरौं ।



१. पश्चाताप र विश्वास गर्नोस् अनि पवित्र आत्मा ग्रहण गर्नोस् (मुक्ति) ।
२. बप्तिस्मा लिनोस् (अनि यसद्वारा प्रारम्भ हुने नयाँ जीवन जिउनोस्)।
३. परमेश्वर र तपाईको छिमेकीलाई प्रेम गर्नोस् ।
४. प्रार्थना गर्नोस् ।
५. प्रभुभोजमा सामेल हुनुहोस् ।
६. दिनुहोस् ।
७. चेलाहरु बनाउनोस्, परमेश्वरको वचन सिक्नोस् अनि सिकाउनोस् ।

निम्न लिखित आज्ञाहरुमध्ये कुन चाहिँ पूरा गर्नको निम्ति तपाईले अझ धेरै प्रयास गर्नुपर्ला ?

- ☐ पश्चाताप र विश्वास गर्नोस् अनि पवित्र आत्मा ग्रहण गर्नोस् (मुक्ति) ।
- ☐ बप्तिस्मा लिनोस् (अनि यसद्वारा प्रारम्भ हुने नयाँ जीवन जिउनोस्)।
- ☐ परमेश्वर र तपाईको छिमेकीलाई प्रेम गर्नोस् ।
- ☐ दिनुहोस् ।
- ☐ प्रार्थना गर्नोस् ।
- ☐ प्रभुभोजमा सामेल हुनुहोस् ।
- ☐ चेलाहरु बनाउनोस्, परमेश्वरको वचन सिक्नोस् अनि सिकाउनोस् ।



के तपाईहरुले नपढीकन ती सातवटा मुख्य आज्ञाहरुलाई भन्न सक्नुहुन्छ ?

☐ ज्यू, सक्छौं ।

☐ अहँ, सक्दैनौं ।

यदि सक्नुहुन्न भने, कृपया गरी अब तिनीहरुलाई कन्ठ गर्ने काम गर्नोस् ।



तर कति जना विश्वासीहरु त्यति रमाइला छैनन् नी । कसरी उनीहरुप्रति मेरो प्रेम बढ्न सक्ला ?



प्रेम ता हामीभित्र वास गर्नुहुने पवित्र आत्माको फल हो (गलाती ५:२२)। उहाँले नै हामीलाई प्रेम गर्न सहायता गर्नुहुन्छ । हामी आफैले ता सक्दैनौं । तपाई पवित्र आत्माद्वारा भरपूर भइरहनु होला ।

हजुर, जब सबै विश्वासीहरु मप्रति भला हुन्छन् म उनीहरुलाई प्रेम गर्दछु ।



तर, प्रिय हो, हामीमा परमेश्वरको साँचो प्रेम ता तब देखिन्छ जब उनीहरुले हामीलाई नराम्रो व्यवहार गर्दछन् ! हामीलाई राम्रो व्यवहार गर्दा प्रेम गर्नु ता सजिलो छ । जब सबै कुरा ठीकसंग चल्दछ, अविश्वासीहरु र हत्यार हरुले पनि आपसमा प्रेम गर्दछन् ।

कुन बेला हामीले खीष्टको प्रेम देखाउनसक्छौं:

- ☐ जब हामी ईमान्दार विश्वासीहरुसंग हुन्छौं जसले हामीलाई राम्रो व्यवहार गर्दछन् ।
- ☐ जब हामीलाई नराम्रो व्यवहार गर्दछन् तरै पनि उनीहरुलाई क्षमा र भलो गरेर ।

हामीले हाम्रा शत्रुहरुलाई क्षमा र प्रेम गर्नैपर्छ: एफिसी ४:३२, रोमी ५:८, १२:१४-२१

के तपाईले अर्को कर्त्तव्य सम्झनुभयो ? यो चाहिँ हामीलाई अति माया गर्नुहुने प्रभु येशू खीष्टको मृत्युलाई सम्झने विषयसित सम्बन्धित छ...



अँ... हामी अरु विश्वासीहरुसितको संगतिमा... प्रभुभोजमा सामेल हुनैपर्छ...।

ज्यू प्रभुभोजले खीष्टमा भएको हाम्रो विश्वास, उहाँको देह अर्थात मण्डलीसित भएको संगतिलाई बुझाउँछ । "योग्य" रुपमा सहभागी हुन, यसमा सामेल हुनुभन्दा अघि नै हामीले आफूलाई जाँच्दछौं । १ कोरन्थी ११:२७-३२ ले बताउँछ कि यदि हामीले आफूलाई जाँच्न र खीष्टको देहलाई आदर गर्न चुक्यौं भने, हामीले आफैमाथि परमेश्वरको सजाय ल्याउनेछौं । यसले बताएको छ, उहाँले यसकारण हामीलाई अनुशासित गर्नुहुन्छ कि हामी संसारसंगै दोषी नठहरिएका हौं । पावलले भनेका छन् कि जब हामी प्रभुभोजमा सामेल हुन्छौं, हामीले प्रभुको मृत्युको सम्झना गर्दछौं अनि उहाँको देह र रगतमा सहभागी भएका हुन्छौं ।



प्र अघि हामीले के गर्नुपछ ?

☐ भजनसंग्रहबाट पढ्नु पर्छ ।

☐ परमेश्वरको अघि हामीले हाम्रा पापहरु स्वीकार गर्नुपर्छ ।

प्रभुभोज लिनुभन्दा अघि हामीले आफैलाई परमेश्वरको अघि जाँच्दछौं (१ कोरन्थी ११:२७-२९)। पाप स्वीकार चाहिँ पाष्टर लाई गर्नुपर्छ भनी धर्मशास्त्रले सिकाउँदैन ।



के म बिरालो लिएर जान सक्छु ?
अहँ, हुँदैन छोरा । यो सेवा त बिरालो र कुकुरहरुको लागि होइन ।
“तर... ढिलो आउनेहरुलाई हामीले जय मसीही त गर्न सक्छौं ?”
सेवा शुरु हुन अघि वा सकिए पछि, सबै सदस्यहरुले नै एकाअर्कालाई अभिवादन गर्नुपर्छ । नयाँ विश्वासीहरु र पाहुनाहरुलाई भेट्नु र उनीहरुसंग बातचीत गर्नु अति नै मुख्य कर्त्तव्य हो ।

मण्डलीको हरेक सदस्यले प्रभुभोजमा भाग लिनु उसको अधिकार र कर्त्तव्य हो । तल दिइएका कुन चाहिँ यसको उद्देश्य हो ?

- ☐ मानिसहरुलाई हामी कति धर्मी छौं भनी देखाउनु ।
- ☐ हाम्रो भोकलाई सन्तुष्ट पार्नु ।
- ☐ खीष्ट र एकाअर्कासित गहिरो संगति कायम राख्नु ।

इसाईहरुले सदैव परमेश्वरसंग संगति कायम राख्नुपर्छ । उहाँसितको संगतिमा बाधा ल्याउने कुनै पनि कुरो नै पाप हो ।

खीष्टसित हाम्रो संगति कायम राख्न, अनि आत्माले भरिपूर्ण हुन, हामीले निम्न कुरा गर्नैपर्छः

- ☐ हाम्रो पाप स्वीकार गर्नुपर्छ अनि विश्वास र प्रेममा खीष्टलाई पछ्याउनु पर्छ ।
- ☐ ४० दिन उपवास बस्नुपर्छ ।
- ☐ हरेक पटक जब हामी भेट्दछौं, विशेष भावनात्मक अनुभव हुनुपर्छ ।

कुनै पनि विश्वासीले आफ्नो भूल तुरन्तै मानेर पश्चाताप गर्नुपर्दछ (१ यूहन्ना १:९)।

अर्को कर्त्तव्य हो प्रार्थना र मनन गर्नु । जब हामी प्रार्थना गर्दछौं, हामीले पर मेश्वरसंग संगति गरेका हुन्छौं । जब हामीले परमेश्वरको वचनलाई मनन गर्दछौं, परमेश्वर हामीसंग बोल्नुहुन्छ । हामीले हाम्रो जीवनमा परमेश्वरलाई पहिलो स्थान दिउँ । मानव जाति यसैको निम्ति बनाइएको हो– सदासर्वदा परमेश्वर को महिमा गर्न र उहाँलाई खुशी पार्न... (यशैया ४३:७, यूहन्ना ४:२४)। के तपाईहरु दुवैले प्रार्थना कसरी गर्नुपर्छ भनी जान्नुहुन्छ ?



ज्यू, पाष्टर । तर हामीले अझ धेरै सिक्नु छ । हामीले कहिले प्रार्थना गर्नुपर्ने हो ?



हामीले बिहानै प्रार्थना गर्नुपछ, परमेश्वरसंग संगति गरेर हामीले हाम्रो दिनलाई शुरु गर्नुपर्छ । परमेश्वरले दिनुभएको सबै समयमा नै हामी परमेश्वरमा समर्पित हुनुपर्छ (एफिसी ५:१५-१६)।

हामीले पाएको दिन प्रभुमा समर्पित गर्न हामीले कहिले प्रार्थना गर्नुपर्छ ?

- ☐ जब हामी खाँचोमा पर्छौं ।
- ☐ दिउँसो ।
- ☐ जब हामी उठ्छौं ।

प्रभु येशू ख्रीष्टले बिहान सबेरै प्रार्थना गर्नुभयो (मर्कूस १:३५)। हामीले उहाँकै नमूना पछ्याउनु पर्दछ ।



म ता दिनहुँ प्रार्थना गर्दछु । तब किन पारिवारिक प्रार्थनाहरु चाहियो र ? नानीहरु चकचक गरेर हैरान पार्छन् ।



तपाईको नमूनाद्वारा नानीहरु खीष्टमा आउँछन् । हामीले नानीहरुसित मिली दिनहुँ प्रार्थना गर्नुपर्दछ । हामी सबैलाई दिनहुँ आत्मिकी भोजनको खाँचो पर्दछ । यो ता प्रार्थना र परमेश्वरको वचनबाट आउँछ । हामी यसलाई पढ्छौं, मनन गर्छौं, अनि पालन गर्छौं । प्रार्थना त सास फेरेको जतिकै आवश्यक कुरो हो । हामीले प्रार्थनाद्वारा नै परमेश्वरको प्रशंसा गर्दछौं अनि हामी र अरुलाई चाहिने कुराहरु माग्दछौं ।

हाम्रा व्यक्तिगत प्रार्थना जस्तै, कोसित मिली हामीले दिनहुँ प्रार्थना गर्नैपर्छ अनि वचन मनन गर्नैपर्छ ?

- ☐ सारा परिवारसित मिली ।
- ☐ अन्जान व्यक्तिहरुसित मिली ।
- ☐ छिमेकीहरुसित मिली ।
- ☐ पाष्टरसिट मिली ।

शुरुदेखि नै परमेश्वरको उद्देश्य यही छ कि हामीले हाम्रा परिवारहरुलाई प्रभुको आज्ञा पालन गर्न सिकाउनु पर्छ (यहोशू २४:१५, व्यवस्था ६:६-७)। एक इसाई परिवार समाजमा असल प्रभावको निम्ति शक्तिशाली बल हो ।

किन हामीले बाइबलमा मनन गर्नुपर्दछ ? किनकि

☐ यो परमेश्वरको वचन हो ।

☐ यो सबैभन्दा बुद्धिमानी मानिसहरुको वचन हो ।

बाइबल परमेश्वरको वचन हो । जसले यसलाई लेखे उनीहरुलाई पवित्र आत्माले प्रेरित गर्नुभयो । उहाँले नै तिनीहरुलाई कुनै भूलविना लेख्नको निम्ति अगुवाइ गर्नुभयो । उनीहरुले आफ्नै पारामा लेखे, तर परमेश्वरको आत्माको अगुवाइमा लेखे ।

अब मलाई अर्को कर्त्तव्यको बारेमा बताउनोस् त ।
भेटीहरु र दशांशहरु दिनु ।
दशांश भनेको कति हो ? म त अति थोरै पैसा कमाउँछु ।

दशांश भनेको हाम्रो आम्दानीको दश प्रतिशत हो । पुरानो करारमा प्रभुका जनहरुले उनीहरुको कमाइको दशौं भाग प्रभुलाई दिने गर्थे ।

दशांश कुन कुरोको दशौं भाग हो ?

☐ हाम्रो पैसाको मात्र ।

☐ हाम्रा सबै आम्दानीहरुको, नगद र अरु उत्पादन सबैको ।

दशांश चाहिँ हाम्रो असली आम्दानीको दशौं भाग हो, त्यो चाहे नगदमा होस् अथवा बाली तथा उत्पादनमा । (उदाहरणको लागि, बिक्रीबाट भएको साँचो आम्दानी त्यो पैसा हो जो व्यवसायिक खर्च र सम्बन्धित करहरु तिरेर बँचेको हुन्छ ।)

जब सबै विश्वासीहरुले दशांश दिन्छन्, तब अझसम्म मण्डली स्थापना नभएको शहर तथा गाउँहरुमा हामी खेतालाहरु पठाउनसक्छौं ।
बल्ल बुझें । दशांशकै कारण, कतिपय पाष्टरहरु पूर्ण समय परमेश्वरको काम गर्न समर्थ भएका रहेछन् ।
भण्डारे हुनेछु । म पहिला परमेश्वरलाई खुशीसाथ दिनेछु.... अनि तिमीले भोलि त्यो ड्रेस किनौला है ।
रोबर्ट, तिमी त लोभी रहेछौ ! तिमीले मलाई त्यो पहेंलो ड्रेस किन्न लाउनु हुने थिएन । अब तिमीले कसरी दशांश दिन्छौ ?

कसरी हामीले परमेश्वरलाई दिनुपर्छ ?

- ☐ मन नगरी नगरी ।
- ☐ जुन कुरा उब्रिएको छ, त्यो मात्र ।
- ☐ खुशीसाथ ।

हामीले परमेश्वरलाई खुशीसाथ दिनुपर्छ । हामीले पाएका सबै थोक परमेश्वरबाट नै हो । परमेश्वरले नै हरेक थोक बनाउनु भयो । परमेश्वरले हरेक थोक उपलब्ध गराउनुहुन्छ । सबै थोकको मालिक उहाँ नै हुनुहुन्छ, हामी स्वयं पनि । उहाँले हामीलाई खीष्टको रगतद्वारा उद्धार गर्नुभयो । हामी, अनि हामीसंग भएका सबै थोक, परमेश्वरकै सम्पत्ति हुन् ।

पुरानो करारमा, मलाकी ३:८ ले भन्दछ कि जब हामी दशांश दिंदैनौं, हामीले परमेश्वरलाई लुटेका हुन्छौं । अब, नयाँ करार अनुसार, हामी व्यवस्थाको अधीनमा छैनौं । हामीले दशांश दिनैपर्छ भन्ने छैन । हामीले त अब व्यवस्था अनुसार होइन, तर प्रेममा भएर दशांश दिन्छौं । दशांश दिनै पर्ने कुरो नभए पनि, दिनको निम्ति सबभन्दा व्यावहारिक उपाय यही हो ।





दिनु पनि उपाषनाको एक भाग हो। हामीले के गर्नैपर्छ:

- ☐ रेडियो कार्यक्रमको निम्ति पैसा माग्नेलाई मात्र हामीले दिनैपर्छ।
- ☐ हाम्रो मण्डलीको आराधनाको एक भागको रुपमा हामीले दिनैपर्छ।

परमेश्वरलाई दिनु भनेको मण्डलीले गर्ने आराधनाको एक भाग हो।



खीष्टको निम्ति साक्षी दिनु सजिलो जब हामी यसरी गर्छौं:

☐ प्रेमसाथ ।

☐ जबर्जस्तीसाथ ।

साँचो प्रेम राखेर जब हामी साक्षी दिन्छौं, त्यो सजिलो हुन्छ । हाम्रा आफन्तहरु अनि मित्रहरुलाई प्रेम राखेर यो काम गर्दछौं भने, पवित्र आत्माले उनीहरुलाई खीष्टको बारेमा बताउनु हुनेछ । प्रेमविना मानिसहरु कठोर बन्दछन् ।

तर के भन्नुपर्ने हो, म ता जान्दिनँ, पाष्टर । मलाई त मेरो बिता दुष्ट जीवनको बारेमा बोल्नै मन पर्दैन । मानिसहरुले मलाई सुन्दै-सुन्दैन ।



तपाईको साक्षी त्यति मात्र होइन । तपाईले येशू खीष्टबारे बताउनुपर्छ । उहाँ को हुनुहुन्छ, उहाँले के गर्नुभयो, अनि कसरी उहाँले तपाईलाई नयाँ जीवन दिनुभयो बताइदिनुहोस् ।

यसलाई सकेसम्म सरल बनानोस्, अनि तपाईले खीष्टमा धेरै मानिसहरु जित्नु हुनेछ ।

के यो यतिकै सजिलो हुन्छ ?

यो सत्य हो, मेरी । येशू खीष्टबारे उसको सरल र नम्र साक्षी भनेर नै जोहनले हामीलाई जितेको हो ।

सबैभन्दा प्रभावशाली साक्षीले भन्छ:

- ☐ येशू ख्रीष्टबारे (उहाँ को हुनुहुन्छ, उहाँले के गर्नुभयो, अनि उहाँले हामीलाई कसरी बचाउनुहुन्छ)।
- ☐ धर्मको गहिरा कुराहरु ।
- ☐ हाम्रा बिता दुष्ट जीवनको बारेमा ।

मानिसहरुलाई कायल पार्ने साक्षी त्यो हो जसले येशू ख्रीष्टको बारेमा बताउँछ– उहाँ को हुनुहुन्छ, उहाँले के गर्नुभयो, अनि उहाँले हामीलाई कसरी बचाउनुहुन्छ (लूका २४:४५-४८)।



कुन चाहिँ बढी मुख्य छ ?

- ☐ पढ्न सिकाउनु ।
- ☐ दशांश दिन सिकाउनु ।
- ☐ खीष्टमा एक पापीलाई बचाउनु ।

मण्डलीको अति मुख्य मिसन चाहिँ खीष्टको निम्ति संसारलाई जित्नु हो– फलस्वरुप हराएका मानिसहरु खीष्टमा परिवर्तित हुन्छन् अनि अनन्त जीवन पाउँछन् ।

तपाईको मण्डलीको संगतिलाई सुचारुरुपले चलाउन, कुन उपाय अप्नाउनुपर्ला:

- ☐ जब अगुवाले कहीँ भूल गरिपठाउँदा सबैले चाल पाउनुपर्छ ।
- ☐ सदस्यहरुले अझ मिलेर गीत गाउन सकून् भनी उनीहरुलाई सहयोग गर्नुपर्छ ।
- ☐ विश्वासयोग्य पाष्टरहरुलाई सहयोग गर्नुपर्छ ।

हामीले हाम्रा गोठालाहरुको आज्ञा पालन गर्नुपर्छ अनि तिनीहरुको निम्ति प्रार्थना गर्नुपर्छ । आफ्ना अगुवाहरुलाई आदर गर्न नसक्ने मण्डलीमा अनशासनको कमी हुन्छ । जब सम्भव हुन्छ, तब हामी पूर्ण समय सेवा गर्नेहरुलाई आर्थिक सहयोग पनि गर्नुपर्दछ । (हिब्रू १३:१६-१८)

अब ढिलो भइरहेछ, म जानै पर्छ ।
पाष्टर, तपाई त्यतिकै नजानु होस्, तपाईको निम्ति हामीले सानो उपहार तयार पारेका छौं । मेरी, त्यो ल्याउ त । यी फलहरु तपाईको परिवारको निम्ति । हामी उनीहरुलाई प्रेम गर्दछौं । उनीहरुको निम्ति खाँचो छ ।

धन्यवाद, मेरी । यसले साँच्चै इसाई प्रेम देखाएको छ !
पाष्टर, अझ अर्को एउटा प्रश्न । जब एक विश्वासीले गम्भीर पाप गर्दछ भने मण्डलीले के गर्छ ?

हामी पाप गर्ने इसाईहरुलाई अनुशासनमा राख्छौं । पहिलो, हामी उनीहरुसंग नम्रतामा बातचीत गर्दछौं (गलाती ६:१)। यदि उनीहरुले वास्तै गर्दैन भने, हामीमध्ये केही व्यक्तिहरु मिलेर उनीहरुलाई परामर्श दिन्छौं । यदि कुनै विश्वासीले पश्चाताप गर्दैन भने, तब हामी मण्डलीमा जानकारी दिन्छौं । यदि उसले अझ पनि वास्ता गर्दैन भने, उसलाई खीष्टको आज्ञाअनुसार मण्डलीबाट बहिष्कार गर्दछौं (मत्ती १८:१५-२०)।

जब कुनै इसाईले पाप गर्दछ, तपाईले गर्नु पर्ने पहिलो कर्त्तव्य के हो ?

- ☐ अरु इसाईहरुलाई उसको पापको बारेमा बताउनुपर्छ ।
- ☐ उसको निम्ति प्रार्थना गर्ने अनि उससंग बातचीत गर्नुपर्छ ।

यदि कसैले हाम्रो विरुद्ध पाप गर्दछ भने, हामीले उसको निम्ति प्रार्थना गर्नुपर्दछ, अनि उसित बातचीत गर्नुपर्दछ । उसको पापको बारेमा अरुसित कुरा गर्नु साह्रै नराम्रो कुरा हो (मत्ती ७:१-५, याकूब ३)।

अनि हाम्रो अति मुख्य कर्त्तव्य के हो ?
अनि येशूले गर्नु भए जस्तै गरी सधैं अरुलाई प्रेम गर्ने प्रयास गर्नु ।
हवस् त, पाष्टर ।
अब विदा पाउँ है ।

सारांश जाँच

१. के तपाई मण्डलीका सदस्यहरुले पालन गर्नुपर्ने सातवटा कर्त्तव्यहरु भन्न सक्नुहुन्छ ?

☐ ज्यू, सक्छु ।

☐ अहँ, सक्दिनँ । तर अब म त्यसलाई दोहोऱ्याउने छु ।

२. के तपाई दिनहुँ परमेश्वरको वचनमाथि मनन गर्न र प्रार्थना गर्न चाहनुहुन्छ ?

☐ ज्यू, सक्छु ।

☐ म शुरु गर्नेछु ।

३. खीष्टको निम्ति साक्षी बन्ने अवसरहरुको निम्ति के तपाईले प्रार्थना गरिरहनु भएको छ ?

☐ ज्यू, सक्छु ।

☐ अब म शुरु गर्नेछु ।

४. के तपाईले खुशीसाथ अनि उदार हृदयले दिने गर्नुहुन्छ ?

☐ ज्यू, सक्छु ।

☐ अब शुरु गर्नेछु ।

५. के तपाईले आफ्नो मण्डलीमा दिइने प्रभुभोजमा भाग लिँदै हुनुहुन्छ ?

☐ ज्यू, सक्छु ।

☐ अब म शुरु गर्नेछु ।

६. परमेश्वरको सहायतामा, के तपाई आफूले चाल पाउनु भएको पापबाट टाडिनु भएको छ ?

☐ ज्यू, सक्छु ।

☐ म त्यसै गर्नेछु ।

अभ्यासको काम

- तपाईको मण्डली अथवा झुण्ड (विशेष गरी नयाँ विश्वासीहरु) लाई प्रभुका यी आज्ञाहरु, इसाई जीवनमा चालिनु पर्ने प्रथम पाइलाहरु, पालन गर्न सिकाउनु होस् ।

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

022NP01A-01